# भाग २

श्री ५ को सरकार

## कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय

**श्री ५ महाराजाधिराज ज्ञानेन्द्र वीर विक्रम शाहदेवबाट जारी गरिबक्सेको तल लेखिए बमोजिमको अध्यादेश सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।**

**२०६० सालको अध्यादेश नं. २१**

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत वीरेन्द्रमाला महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम महागौरवमय सुप्रदीप्त वीरेन्द्रप्रजातन्त्रभास्कर परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज ज्ञानेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।

## शिक्षा ऐन,२०२८ लाई संशोधन गर्न बनेको अध्यादेश

प्रस्तावना: शिक्षा ऐन,२०२८ लाई तत्काल संशोधन गर्न आवश्यक भएको र हाल संसदको अधिवेशन नभएकोले,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
965

श्री ५ महाराजाधिराज ज्ञानेन्द्र वीर विक्रम शाहदेवबाट नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ७२ अनुसार यो अध्यादेश जारी गरिबक्सेकोछ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस अध्यादेशको नाम "शिक्षा (आठौं संशोधन) अध्यादेश,२०६०" रहेको छ ।

(२) यो अध्यादेश तुरुन्त प्रारम्भ हुनेछ ।

२. शिक्षा ऐन,२०२८ को दफा ३ मा संशोधनः शिक्षा ऐन,२०२८ को दफा ३ को उपदफा (४) को सट्टा देहायको उपदफा (४) राखिएको छ :-

"(४) सम्वत् २०५८ साल माघ २५ गते भन्दा अघि संस्थागत विद्यालयको रुपमा संचालन भई आएका तर कम्पनी वा शैक्षिक गुठीको रुपमा दर्ता नभएका वा त्यसरी दर्ता गर्न निवेदन नदिएका विद्यालयले त्यस्तो विद्यालय कम्पनी वा शैक्षिक गुठी कुन रुपमा संचालन गर्ने हो सो सम्बन्धमा तोकिएको विवरण खुलाई यो अध्यादेश प्रारम्भ भएको मितिले छ महिनाभित्र तोकिएको अधिकारी समक्ष निवेदन दिनु पर्नेछ ।"

**लालमोहर सदर मितिः २०६०।१०।१४।४**

**आज्ञाले,**
**हरिप्रसाद न्यौपाने**
**श्री ५ को सरकारको का.मु. सचिव**



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग सिंहदरबार

९८०